राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– २८, माघ २३ गते शुक्रबार, २०८२ (6 February, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# एक्लै पहिलो दल बन्ने प्रचण्डको दावी

## राष्ट्रिय–अन्तर्राष्ट्रिय प्रभाव र प्रतिक्रियावादी षड्यन्त्र परास्त गर्नुपर्नेमा जोड

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले कसैसँग गठबन्धन वा मोर्चाबन्दी नगरीकनै आसन्न चुनावबाट आफ्नो पार्टी पहिलो दल बन्ने दावी गरेका छन् । मुलुकमा विद्यमान अस्थिरता तथा जोखिमबाट देश र जनतालाई जोगाउन सबै राजनीतिक दल जिम्मेवार र संवेदनशील बन्नुपर्नेमा समेत उनले जोड दिएका छन् । सोलुखुम्बु-काठमाडौं सम्पर्क मञ्चद्वारा राजधानीमा आयोजित बृहत् भेलालाई सम्बोधन गर्दै संयोजक दाहालले उक्त धारणा व्यक्त गरेका हुन् ।




फागुन २१ मा हुने प्रतिनिधिसभाको निर्वाचनलाई विशेष परिस्थितिबाट उत्पन्न राजनीतिक अभ्यासका रूपमा लिनुपर्ने र त्यसले मुलुकमा विद्यमान राजनीतिक संकटको समाधान गर्ने धारणा पनि संयोजक प्रचण्डले व्यक्त गरेका छन् । यस निर्वाचनमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रभावका साथै विभिन्न प्रतिक्रियावादीको षड्यन्त्र परास्त गर्नुपर्नेमा उनले जोड दिएका छन् । मुलुकमा उत्पन्न नयाँ राजनीतिक घटनाक्रमको विश्लेषण गर्दै विभिन्न कम्युनिस्ट समूह तथा समाजवादी विचारधारालाई एकताबद्ध गरी शक्तिशाली कम्युनिस्ट पार्टी निर्माणतर्फ आफू क्रियाशील रहेको उनले उल्लेख गरेका छन् ।

यसैबीच, नेकपाको केन्द्रीय निर्वाचन परिचालन समितिद्वारा आयोजित भर्चुअल (जुम) बैठकलाई सम्बोधन गर्दै संयोजक प्रचण्डले आगामी चुनावमा कसैसँग गठबन्धन नगरिकन पहिलो दल बन्ने ठोकुवा गरेका छन् । सबै जिल्लाका निर्वाचन परिचालन समितिलाई सम्बोधन गर्दै संयोजक प्रचण्डले जनताबाट अस्वीकृत भएका र जेलेन्सकी प्रवृत्तिसँग आगामी निर्वाचनमा तालमेल नहुने भन्दै १६४ निर्वाचन क्षेत्रमा चुनावी अभियानलाई व्यापक बनाउन निर्देशन दिएका छन् । 'हामीले

क्रमशः दोस्रो पृष्ठमा

# प्रचारप्रसार मितव्ययी बनाउन आयोगको कार्यविधि

**काठमाडौं ।** निर्वाचन खर्चलाई पारदर्शी र मितव्ययी बनाउन निर्वाचन आयोगले 'प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२' स्वीकृत गरेको छ। आयोगले मंगलबार स्वीकृत गरेको उक्त कार्यविधि प्रतिनिधिसभा सदस्य निर्वाचनमा राजनीतिक दल र उम्मेदवारबाट हुने प्रचारप्रसार खर्चलाई नियन्त्रण, निगरानी र अनुशासित बनाउने उद्देश्यले ल्याइएको बताइएको छ ।

आसन्न निर्वाचनको प्रचारप्रसारका लागि कार्यविधिअनुसार नै राजनीतिक दल र उम्मेदवारले अनिवार्य रूपमा छुट्टै बैंक खाता खोल्नुपर्ने छ। त्यसका लागि राजनीतिक दलले आयोगको सचिवालयमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । निवेदनसँगै दलको आधिकारिक पत्र, उम्मेदवारको उम्मेदवारी निस्सा वा परिचयपत्र, सम्बन्धित बैंकको दस्तखत नमूना कार्ड र खाता सञ्चालकको नागरिकता प्रमाणपत्र पेस गर्नुपर्नेछ ।

आयोग वा निर्वाचन कार्यालयले कागजात जाँच गरी सिफारिस गरेपछि मात्र बैंक तथा वित्तीय संस्थाले खाता खोल्नेछन् । खाता खुलेको जानकारी आयोग, निर्वाचन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रूपमा दिनुपर्नेछ । सोही अनुसार राजनीतिक दलको हकमा दलले तोकेका बढीमा दुई जना पदाधिकारीको संयुक्त दस्तखतबाट मात्र खाता सञ्चालन गर्न पाइनेछ । उम्मेदवारको हकमा भने उम्मेदवार स्वयं वा उसले अख्तियारी दिएको व्यक्तिको एकल वा बढीमा दुई जनाको संयुक्त दस्तखतबाट खाता सञ्चालन गर्न सकिनेछ ।

निर्वाचन प्रचार-प्रसारसम्बन्धी सबै आम्दानी र खर्च नेपाली मुद्रामै गर्नुपर्ने कार्यविधिमा उल्लेख छ। स्वेच्छिक आर्थिक सहयोग, प्रचारप्रसारका क्रममा हुने खर्च, चेक, ड्राफ्ट, टिटी वा विद्युतीय माध्यमबाट गरिने भुक्तानी सबै बैंक खातामार्फत गर्नुपर्ने व्यवस्था समेत कार्यविधिमा राखिएको छ ।

राजनीतिक दल र उम्मेदवारहरूले २५ हजार भन्दा बढीको सहयोग नगदमा लिन पाइने छैन । यस्तो रकम सोझै बैंक खातामा जम्मा गर्नुपर्ने र सोभन्दा कम रकमका हकमा भने नगद रसिद वा भरपाई काटी खातामा जम्मा गर्न सकिने व्यवस्था गरिएको छ ।

कार्यविधिअनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ अनुसार निषेधित निकाय र व्यक्तिबाट आर्थिक सहयोग लिन कडाइका साथ प्रतिबन्ध लगाएको छ । नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका निकाय, सरकारी स्वामित्व वा नियन्त्रणमा रहेका संस्थाहरू, सार्वजनिक शेयर भएको पब्लिक लिमिटेड कम्पनी, सरकारी वा सामुदायिक शैक्षिक संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विदेशी सरकार वा व्यक्ति, नाम नखुलेका

क्रमशः दोस्रो पृष्ठमा

# पूर्वप्रधानमन्त्री भट्टराईलाई पितृशोक

**काठमाडौं ।** पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई पितृशोक परेको छ । काठमाडौंको बाँसबारीस्थित न्यूरो अस्पतालमा उपचाररत ९७ वर्षीय पिता भोजप्रसाद भट्टराईको निधन बिहीबार बिहान निधन भएको बाबुरामपुत्री मानुषी यमी भट्टराईले जानकारी दिएकी हुन् ।

'हजुरबुबा ९६ वर्ष पूरा भई ९७ वर्षमा प्रवेश गर्नुभएको थियो, आज बिहान उहाँको स्वर्गारोहण भएको छ'- मानुषीले भनिन् । पूर्वप्रधानमन्त्री तथा प्रगतिशील लोकतान्त्रिक पार्टीका संरक्षक डा. भट्टराईका पिताको निधन भएको भट्टराईको सचिवालयले समेत जनाएको छ । केही दिनदेखि स्वास्थ्य अवस्था निकै बिग्रिएपछि भोजप्रसादलाई बुधबार अस्पताल भर्ना गरिएको थियो ।

भट्टराईको शवलाई पशुपतिस्थित ब्रह्मनालमा केहीबेर राखेपछि विद्युतीय शवदाह गृहमा दाहसंस्कार गरिने मानुषीले जानकारी दिइन् । स्वर्गीय भट्टराईका दुई छोरा र दुई छोरी छन् ।

# अल्गोरिदम, आक्रोश र भाष्य निर्माणको अन्तर्राष्ट्रिय प्रयोग

**समय- सन्देश**
दीपक न्यौपाने

आजको नेपाली राजनीति हेर्दा असहज र पेचिलो प्रश्न उठ्छ- के हामी नीति, सिद्धान्त र एजेन्डाको राजनीतिमा छौं, वा भावना, आक्रोश र पीडाको व्यापारमा ? लोकतन्त्रको प्रारम्भिक कालखण्डमा राजनीति विचारको सङ्घर्ष थियो । दलहरूबिच वैचारिक मतभेद हुन्थे, नीतिमा बहस हुन्थ्यो र मतदाताले आफ्नो भविष्यको मार्गचित्र रोज्थे ।

तर, डिजिटल युगको उदय र सामाजिक सञ्जालको सर्वव्यापी उपस्थितिसँगै राजनीति अब भाष्यको खेलमा रूपान्तरित भएको छ। अब जित्ने पक्ष त्यो होइन, जसको नीति उत्कृष्ट छ, बरु त्यो हो, जसले मानिसको आदिम भावना- डर, रिस, बदला र पीडालाई सबैभन्दा तीव्र रूपमा 'ट्रिगर' गर्न सक्छ ।

भदौ २३ र २४ को त्रासद परिघटना नयाँ राजनीतिक युगको सबैभन्दा डरलाग्दो ऐना हो । तर यो ऐना केवल नेपालको मात्र होइन; यो आजको विश्व राजनीतिमा प्रयोग भइरहेका भावनात्मक विद्रोहका स्क्रिप्टहरूसँग गहिरोसँग जोडिएको छ। भदौ २३ गतेको आन्दोलन सतहमा हेर्दा भ्रष्टाचारविरुद्धको एउटा स्वतःस्फूर्त नागरिक आवाज जस्तो देखिन्थ्यो। प्लेकार्ड बोकेका युवा, विद्यार्थीका नारा र माइतीघरको माहौल लोकतान्त्रिक र जायज देखिन्थ्यो। तर जब भिड बानेश्वरतर्फ अघि बढ्यो, यसको चरित्र बदलिएको स्पष्ट देखिन्थ्यो ।

आन्दोलनमा सहभागी अधिकांश युवा साँचिकै आक्रोशित थिए- बेरोजगारी, भ्रष्टाचार र अवसरको खडेरीले उनीहरूलाई सडकमा ल्याएको थियो। तर ती युवाहरू निर्णयकर्ता थिएनन् । उनीहरू भाष्य निर्माताका युजर वा उपभोगकर्ता मात्रै थिए। निर्णयकर्ताहरू पर्दा पछाडिबाट रंगमञ्चलाई नियन्त्रण गरिरहेका थिए। बानेश्वर पुग्दा आन्दोलनले 'घुसपैठ' को स्वरूप ग्रहण गर्‍यो। अब कुरा सुधारमा सिमित थिएन, त्यो 'कब्जा' को मनोविज्ञानमा पुग्यो। संसद भवन कब्जा गर्ने असंवैधानिक र अराजक सपनालाई

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- २८, माघ २३ गते शुक्रबार, २०८२

## सम्पादकीय

# चुनावी खर्च र पारदर्शिताको कर्मकाण्ड

सामान्यतः कुनै पनि देशमा हुने राष्ट्रव्यापी प्रकृतिका जुनसुकै चुनावले राष्ट्रिय अर्थतन्त्र र नागरिक जीवनको आर्थिक पक्षलाई प्रत्यक्ष रूपले र गम्भीर किसिमको प्रभाव पार्ने गरेको छ। चुनावी खर्चलाई मितव्ययी, पारदर्शी र यथासक्य न्यून गराउने भन्दै अनेकौं प्रयास, पहल र क्रियाकलाप गरिन्छन् तर अन्ततः ती सबै निरर्थकप्रायः नै हुने गर्दछन्।

चुनावको बहानामा देशव्यापी रूपमै कृत्रिम अभाव, मूल्यवृद्धि र कालोबाजारी त नेपालको 'परम्परा' नै बनिसकेको छ। यी अपराधलाई निर्मूल पार्ने भन्दै सरकारी तवरबाट मनग्गे प्रचारबाजी गरिए तापनि निर्मूल हुने कुरा त परै छाडौं, सामान्य रूपले न्यूनीकरण समेत हुन सकेको पाइँदैन। राज्यको ढुकुटीबाट विकास बजेट र लोककल्याणकारी शीर्षक कटौती गर्दै खर्बौंखर्बको बजेट चुनावमै खन्याइनुले पार्ने तत्कालीन र दीर्घकालीन दुष्प्रभावको कुरा त आफ्नै ठाउँमा छँदै छ। योभन्दा ठूलो धनराशि त सम्बन्धित दल र उम्मेदवारहरूले मतदाता र निर्वाचन परिणामलाई प्रभावित पार्नका लागि गुप्त रूपमै परिचालन गर्ने तथ्य पनि 'ओपन सेक्रेट' नै हो।

निर्वाचन (म्यादी) प्रहरीले प्राप्त गर्ने केही पारिश्रमिक, स्थानीय होटल र लजहरूले गर्ने व्यापारको थोरै आम्दानी र अन्य विभिन्न शीर्षक तथा स्वरूपमा हुने खर्चबाट जनसाधरणले निर्वाचन खर्चको सानो हिस्सा प्राप्त गरे तापनि चुनावी खर्चका रूपमा बग्ने धनराशिको खोलो अन्ततः धनीहरूकै हातमा मात्र पुग्नु विडम्बनाको कुरा हो।

## अलगोरिदम...

क्रान्तिको प्रतीक बनाइयो र यहींबाट राज्यसँगको प्रत्यक्ष भिडन्तको भयावह स्क्रिप्ट सुरु भयो।

यस्तै परिदृश्य सन् २०२२ मा श्रीलङ्कामा देखिएको थियो। कोलम्बोमा सुरु भएको 'गोटा गो होम' आन्दोलन भ्रष्टाचार र आर्थिक संकटविरुद्धको जायज आक्रोश थियो। तर, ९ जुलाई २०२२ मा राष्ट्रपति भवन कब्जा गर्ने क्षणदेखि आन्दोलन नागरिक प्रतिरोधबाट राज्य-विहीन अराजकता तर्फ मोडियो। अन्ततः सरकार ढल्यो तर आर्थिक स्थिरता आएन। बरु मुलुक झन् गहिरो ऋण र अन्तर्राष्ट्रिय वित्तीय नियन्त्रणको घेराबन्दीमा फस्यो। नेपालको भदौ २३-२४ को प्रयास पनि ठीक त्यही शैलीमा राज्यका संस्थाहरूलाई पंगु बनाउने उद्देश्यबाट प्रेरित देखिन्छ।

भदौ २३ गते प्रहरीमाथि गरिएको आक्रमण र संसद भवनमा आन्दोलनकारी पस्दा राज्यको सुरक्षा संयन्त्र प्रतिकार गर्न बाध्य भयो। गोली चल्यो २१ जनाको ज्यान गयो। तर प्रश्न केवल 'गोली किन चल्यो ?' भन्ने मात्र होइन। मुख्य प्रश्न हो- के यो टकराव अपरिहार्य थियो ? गोली चल्ने बित्तिकै तत्कालै अर्को कथा फैलाइयो- 'गोली अन्यत्रबाट पनि चल्यो'। कसले चलायो र किन चलायो भन्ने प्रश्नहरू पुष्टि गर्नभन्दा पनि अनिश्चितता फैलाउन भ्रामक सूचनाहरू फैलाइए। सूचना भिडलाई शान्त पार्न होइन, भिडलाई झन् उत्तेजित बनाउन हतियारको रूपमा प्रयोग भयो।

यही रणनीति सन् २०१३ पछि बंगलादेशमा बारम्बार देखियो। विशेष गरी सन् २०१३ को 'शाहबाग' आन्दोलन र पछिल्ला वर्षहरूमा भएका विभिन्न विद्यार्थी आन्दोलनहरूमा गोली कसले चलायो भन्ने सत्यभन्दा 'राज्य हत्यारा हो' भन्ने भाष्यलाई यति जबरजस्त फ्रेमिङ गरियो कि त्यसले अन्ततः सैन्य-नागरिक सन्तुलन नै बिगारिदियो। नेपालमा पनि भदौ २३ पछि ठ्याक्कै त्यही 'फ्रेमिङ' गरेर सुरक्षा निकायलाई हतोत्साहित पार्ने र जनतालाई राज्य विरुद्ध विद्रोही बनाउने काम गरियो। नेपालको आधुनिक इतिहासमा भदौ २४ कालो दिन बन्यो। ८४ अब ४५ करोड भन्दा बढीको भौतिक क्षति, ५४ जनाको मृत्यु र सडकमा राज्यको शुन्य उपस्थिति। तर भौतिक क्षति भन्दा ठूलो क्षति मनोवैज्ञानिक स्तरमा भइरहेको थियो। सामाजिक सञ्जालका एल्गोरिदमहरूले आगोमा घिउ थपे।

सिलिकन भ्यालीका फर्मुलाहरूले सधैं द्वेष, घृणा र चरम भावुकतालाई प्राथमिकता दिन्छन् किनकि 'इङ्गेजमेन्ट' नै ठूला टेक कम्पनीहरूको मुनाफाको मुख्य आधार हो। 'तपाईंको सन्तान मरेको भए के हुन्थ्यो ?' जस्ता मनोवैज्ञानिक ट्रिगरहरूले तथ्य र तर्कलाई पूर्णतः विस्थापित गरिदिए। यही एल्गोरिदमको खेल सन् २०२२ को अन्त्यतिर इरानमा 'माहसा अमिनी' को मृत्युपछिको आन्दोलनमा व्यापक प्रयोग भएको थियो। न्याय र अधिकारका जायज मुद्दाहरूलाई भावनात्मक क्लिप, अधुरो भिडियो र ट्रिगर वाक्यांशमार्फत यति चरम बनाइयो कि वार्ताको कुनै ठाउँ नै बाँकी रहेन। परिणाम स्वरूप राज्य झन् कठोर भयो, आन्दोलन दमनमा पर्‍यो र वास्तविक सुधारको ठाउँ सधैंका लागि साँघुरियो।

भदौ २४ मा नेपालमा भएको आगजनी र लुटपाट पनि त्यही एल्गोरिदमले उब्जाएको अन्ध-आक्रोशको परिणाम थियो। भौतिक संरचना त फेरि बन्लान्, तर गुमेका ज्यानहरू कहिल्यै फर्किँदैनन्। तर एउटा गम्भीर प्रश्न ओझेलमा पार्‍यो- मानिस किन मरे ? भिडलाई कसले उक्सायो ? आक्रोशलाई आगोमा कसले परिणत गर्‍यो ? यी प्रश्नहरूको कानुनी उत्तर खोज्नुभन्दा पहिले नै सडकबाट फैसला सुनाइयो। प्रधानमन्त्री र गृहमन्त्रीलाई भीडको अदालतमा दोषी ठहर गरियो। सडकबाट सुनाइने निर्णय प्रक्रियालाई लोकतान्त्रिक होइन भिडबाट सञ्चालित तन्त्र भनिन्छ। लोकतान्त्रिक प्रक्रिया मान्ने थितिलाई 'डेमोक्रेसी' भनिन्छ भने भीडबाट सञ्चालित प्रणालीलाई 'मोबोक्रेसी' भनिन्छ।

बुल्गेरियाले सन् २०१३ देखि २०२० सम्म ठ्याक्कै यही नियति भोगेको थियो। भ्रष्टाचारविरुद्धको आन्दोलन भावनात्मक उचाइमा पुग्दा त्यहाँ संस्थागत सुधार होइन, केवल राजनीतिक अस्थिरता मात्र आयो। पाँच वर्षमा सात पटक सरकार फेरियो, तर भ्रष्टाचार र बेथिति भने ज्युँका त्युँ रहे। यी सबै अराजकता र आक्रोशको एउटा निश्चित राजनीतिक गन्तव्य देखिन्छ- फागुन २१ को निर्वाचन। भावनालाई मतमा बदल्ने, राज्यलाई अपराधी प्रमाणित गर्ने र आफूलाई एक मात्र 'उद्धारकर्ता' का रूपमा उभ्याउने यो खेल अत्यन्तै रणनीतिक छ।

माडागास्करमा सन् २००९ को राजनीतिक संकटको बेला यही अभ्यास गरिएको थियो। त्यहाँ भावनात्मक विद्रोहको बलमा सरकार त ढल्यो र चुनाव पनि आयो, तर त्यसले देशलाई दशकौंसम्म राजनीतिक सङ्क्रमण र आर्थिक मन्दीको दुष्चक्रमा फसायो। नेपालमा पनि अहिले जेनजीका आदर्शवादी युवाहरू सडक र अस्पतालमा बलिदान भइरहँदा, आन्दोलन 'हाइज्याक' गर्ने पात्रहरू भने सत्ताको सिँढी चढ्ने दाउमा छन्। यो विश्वव्यापी ट्रेन्ड हो- आदर्शवादीहरू बलिदानमा होमिने र रणनीतिक खेलाडीहरू सत्तारोहणमा पुग्ने।

जब राज्यका संस्थामाथिको विश्वास नियोजित रूपमा भत्काइन्छ र भिड नै न्यायाधीश बन्न खोज्छ, त्यसपछि विदेशी हस्तक्षेप 'सहयोग' को नाममा प्रवेश गर्छ। इतिहासले यही देखाएको छ। यो लेख कुनै सरकारको प्रतिरक्षा होइन र कुनै आन्दोलनको निन्दा पनि होइन।

यो त केवल भावनालाई हतियार बनाएर देशलाई अस्थिर बनाउने नियोजित राजनीतिक अभ्यास विरुद्धको चेतावनी हो। अब प्रश्न हामी सबैलाई हो- के हामी एल्गोरिदमले बुनेको कथानकको गोटी बनिरहने ? वा यथार्थको गहिराइ बुझेर विवेकपूर्ण निर्णय गर्ने ?

*रातोपाटीबाट*

## एक्लै पहिलो...

१६४ निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएका छौं; कसैसँग तालमेल हुँदैन; जनताबाट अस्विकृत भएका र जेलेन्सकी प्रवृत्तिसँग तालमेल गरिँदैन,' उनले भने- 'सबै निर्वाचन क्षेत्रबाट उत्साहजनक रिपोर्ट आएको छ; हामी पहिलो पार्टी हुने सम्भावना हामीले देखेको छौं।'

नेकपा र एमालेबीच कतिपय ठाउँमा तालमेल हुने चर्चा चलेकै सन्दर्भमा प्रचण्डले भर्चुअल सम्बोधन गर्दै आफ्ना उम्मेदवारलाई जिताउन आग्रह गरेका हुन्। आसन्न प्रतिनिधिसभा निर्वाचनमा कुनै पनि पार्टीसँग गठबन्धन वा तालमेल नहुने स्पष्ट पार्दै भ्रष्टाचारविरुद्ध, सुशासन र समृद्धिको पक्षमा दृढ रूपमा उभिने पार्टी नेपाली कम्युनिस्ट पार्टी नै भएको कुरा जनतामाफ स्पष्ट रूपमा बुझाउन सके पार्टी पहिलो स्थानमा पुग्ने विश्वास उनले व्यक्त गरे।

'जेन-जी' प्रदर्शनका नाममा कलिला बालबालिकाको हत्या गर्ने, राष्ट्रिय धरोहर जलाउने र सुरक्षाकर्मीको क्रूर हत्या गर्नेहरूले देशको नेतृत्व गर्न नसक्ने उनले टिप्पणी गरे। केही व्यक्तिहरूले पहिल्यै नकारिसकिएका पार्टी तथा व्यक्तिसँग नेकपाको समीकरण बनेको भन्दै गरिरहेको प्रचार असत्य र भ्रमपूर्ण भएको प्रचण्डले प्रष्ट्याए। पार्टी जनताममाझ आफ्नै कुरा राखेर अघि बढ्ने र कुनै समीकरणमा नजाने उनले स्पष्ट पारे। विभिन्न भेटघाटका क्रममा नकारात्मक प्रचार भइरहेको र सामाजिक सञ्जालमा भ्रम फैलाइँदै भन्दै ती भ्रमलाई अस्वीकार गर्न तथा पार्टीका उम्मेदवारको पक्षमा सक्रिय रूपमा लाग्न संयोजक प्रचण्डले कार्यकर्तालाई निर्देशन दिए।

जनताको मागलाई सम्बोधन गर्ने गरी नेकपाको घोषणापत्र अन्तिम चरणमा पुगेको उल्लेख गर्दै आजभोलीमै टुंगिने समेत उनले जनाए। कुनै पार्टीको नाम नलिई, बागलुङमा राष्ट्रिय जनमोर्चासँग चुनावी तालमेल गरेको बाहेक जनताबाट तिरस्कृतहरूसँग गठबन्धन नगर्ने उनले दोहोर्‍याए।

बुधबार राजधानीमा आयोजित अर्को कार्यक्रममा बोल्दै संयोजक दाहालले स्वच्छ, निष्पक्ष र धाँधलिरहित वातावरणमा निर्वाचन भए नेकपा नै एक नम्बर पार्टी बन्ने ठोकुवा गरे। सामाजिक सञ्चालनमा हुने गतिविधि र हल्लाले चुनावी नतिजा निर्धारण नगर्ने उनले बताए। सामाजिक सञ्जालमा हाहा र हुहु गरेर केही नहुने उनले टिप्पणी गरे। राष्ट्रलाई एकताबद्ध पार्दै भ्रष्टाचारका विरुद्ध र सुशासनको पक्षमा उभिने तथा आर्थिक विकासलाई अगाडि बढाउन सक्ने नेता र पार्टीलाई नेपाली जनताले चिनिसकेको धारणा उनले प्रकट गरे।

## प्रचारप्रसार...

व्यक्ति वा संस्था तथा आयोगले तोकेका अन्य संस्थाबाट सहयोग लिन पूर्ण रूपमा निषेध गरिएको छ।

यसैगरी एक लाखभन्दा बढी सहयोग लिँदा सहयोग दिने व्यक्ति वा संस्थाको नाम, ठेगाना, पेशा, स्थायी लेखा नम्बर, रकमको स्रोत तथा करसम्बन्धी विवरण अनिवार्य रूपमा खुलाउनुपर्ने व्यवस्था समेत सोही कार्यविधिमा गरिएको छ।

कार्यविधि लागू हुनुअघि खोलिएका निर्वाचन खर्चसम्बन्धी बैंक खातामा रहेको रकम अब नयाँ कार्यविधिअनुसार खोलिएको खातामा सार्नुपर्ने छ।

'राजनीतिक दल वा उम्मेदवारले यो कार्यविधि लागू हुनुभन्दा अघि निर्वाचन प्रचारप्रसार गर्ने प्रयोजनका लागि बैंक खाता खोली प्राप्त गरेको रकम यस कार्यविधिबमोजिम खोलिएको बैंक खातामा सार्नुपर्नेछ' कार्यविधिमा उल्लेख गरिएको छ।

यस्तै दल र उम्मेदवारले निर्वाचन सम्पन्न भएपछि प्रचारप्रसार खर्चको विवरण सार्वजनिक गरी सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनुपर्ने र सो विवरणको प्रतिवेदन तयार भएको ३५ दिनभित्र बैंक खाता बन्द गर्न लगाइने तर खाता विवरण भने ६ वर्षसम्म सुरक्षित राख्नुपर्ने कार्यविधिमा व्यवस्था गरिएको छ। दल खारेज भएमा वा उम्मेदवारी रद्द भएमा आयोगले जुनसुकै समयमा खाता बन्द गराउन सक्नेछ।

कार्यविधिले राजनीतिक दल वा उम्मेदवारले चुनावमा गरेको खर्च अनुगमनको जिम्मेवारी कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) प्रमुखलाई दिएको छ। निर्वाचन आचारसंहिता अनुगमन अधिकृतका रूपमा कोलेनिका प्रमुखले त्यस्को निगरानी गर्नेछ। अनुगमनमा सरकारी कर्मचारी वा सार्वजनिक सम्पत्तिको दुरुपयोग भए-नभएको, निषेधित निकायबाट सहयोग लिइएको-नलिइएको, खर्च सीमा नाघिएको-ननाघिएको, निषेधित कार्यमा खर्च गरिएको-नगरेकोलगायत विस्तृत विवरण संकलन गरिनेछ।

बैंक खातासम्बन्धी कागजात र विवरणलाई प्रचलित कानुनबमोजिम गोप्य र अनतिक्रम्य मानिने व्यवस्था गरिएको छ, तर निर्वाचन आयोग वा आयोगले अधिकार दिएको अधिकारीले आवश्यक ठानेमा खाता जाँच वा परीक्षण गर्न सक्ने स्पष्ट प्रावधान राखिएको छ। आयोगले निर्वाचनलाई व्यवस्थित तथा मर्यादित बनाउन कार्यविधि लागू गरेको बताएको छ।

# देशको स्वाधीनताका लागि महत्वपूर्ण छ : उपाध्यक्ष थापा

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का उपाध्यक्ष रामबहादुर थापा 'बादल'ले आगामी फागुन २१ मा हुने निर्वाचन देशको अस्तित्व र स्वाधीनता रक्षाका दृष्टिले महत्वपूर्ण रहको बताएका छन्।

प्रवासी नेपाली संघ, भारत केन्द्रीय समितिको सातौं बैठकलाई 'भर्चुअल' माध्यमबाट सम्बोधन गर्दै उनले देश बनाउने नयाँ संघर्षका रूपमा निर्वाचनलाई बुझ्नुपर्ने र सोहीअनुसार पार्टीका पक्षमा जनमत बनाउन लाग्न आग्रह गरेका हुन्। दलको निर्वाचन परिचालन कमिटीका संयोजक समेत रहेका उपाध्यक्ष थापाले आफ्नो पार्टी देशभक्त र राष्ट्र निर्माणको बलियो शक्ति भएको दावी गर्दै निर्वाचनमार्फत थप बलियो बनाउन चुनावमा खट्न आग्रह गरे।

निर्वाचनबाट आफ्ना अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा लोकतान्त्रिक सरकारको पुनर्स्थापना गर्ने लक्ष्य रहेको बताएका थापाले उक्त लक्ष्य पूरा गर्न प्रवासमा रहेका नेपालीको महत्वपूर्ण भूमिका रहेको समेत बताए। पार्टीले सबैको सल्लाह र सुझावका आधारमा चुनावी घोषणापत्रको तयारी गरिरहेको जानकारी दिँदै उनले देश र जनताका सरोकारका विषयका साथै राष्ट्रियता, लोकतन्त्र, विकास र समृद्धिका साथै अन्तर्राष्ट्रिय सम्बन्धलगायत विषयमा समेटिने जानकारी दिए।

कार्यक्रममा प्रवासी नेपाली संघ, भारतका अध्यक्ष नारायण हुमागाईंको अध्यक्षतामा भएको बैठकमा पार्टीका केन्द्रीय सदस्य तथा भारत प्रवास संयोजक हरिप्रसाद घिमिरेलगायतले सम्बोधन गरेका थिए।

# नेकपा (माओवादी) द्वारा चुनावी घोषणापत्र सार्वजनिक

**काठमाडौं।** नेपाली कम्युनिस्ट पार्टी (माओवादी) ले पत्रकार सम्मेलनमार्फत गरिब जनताको आर्थिक स्थितिमाथि उठाउने गरी राज्यका आर्थिक नीतिहरू हुनुपर्नेलगायत विषय समेटेर आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेको छ।

उक्त पार्टीका महासचिव नेत्रविक्रम चन्द्र 'विप्लव'को उपस्थितिमा पत्रकार सम्मेलन गरी आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गरेको हो। विगतका निर्वाचनहरू बहिष्कार गर्दै आएको सो दलले शान्तिपूर्ण राजनीतिमा आएपछि पहिलो पटक निर्वाचनमा भाग लिन लागेको हो। सो दलले आफ्नो घोषणापत्रमा पुँजीवादी, दलाल, साम्राज्यवादी नीति र संस्कृतिको अन्त्य गर्दै धनी र गरिबबीचको खाडल अन्त्यको संकल्प गरेको छ।

घोषणापत्र सार्वजनिक गर्दै महासचिव चन्दले शिक्षा र स्वास्थ्यलाई सर्वसुभल बनाउने र रोजगारीको सुनिश्चितता गर्ने, निजी क्षेत्रलाई आफूखुसी शुल्क तोकेर जथाभावी गर्न छुट दिन नहुने दावी गरे। यस्तै, कृषिलाई आत्मनिर्भर तथा विज्ञान र प्रविधिका क्षेत्रमा लगानी बढाउन र युवालाई आकर्षित गर्नुपर्नेमा जोड दिएको उक्त दलले व्यापार र लगानी बढाएर मुलुकलाई समृद्ध बनाउने प्रतिबद्धता व्यक्त गरको छ।

# पश्चिमी वायुको आंशिक प्रभाव

**काठमाडौं।** देशमा पश्चिमी वायुको आंशिक प्रभावले हिमाली भू-भागमा साधारणतया बादल लाग्नुका साथै बाँकी भागमा आशिक बादल लागेको छ भने तराईका केही स्थानमा तुवाँलो लागेको छ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार बिहीबार दिउँसो तराईका केही स्थानमा कुहिरो लाग्ने छ। तराईका धेरै स्थानमा हुस्सु लाग्ने छ भने पहाडी तथा हिमाली भागमा मौसम सफा रहनेछ। महाशाखाका अनुसार बिहीबार राति तराईका केही स्थानमा कुहिरो लाग्ने छ भने पहाडी तथा हिमाली भागमा मौसम सफा रहनेछ।

हिमपात, वर्षा र हुस्सुका कारण दैनिक जनजीवन, पर्यटन, पदयात्रा, स्वास्थ्यका साथै हवाई तथा सडक यातायातमा प्रभाव पर्ने भएकाले सतर्कता अपनाउन सम्बद्ध सबैमा महाशाखाले आग्रह समेत गरेको छ।

## निर्वाचन आयोग

### प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन, २०८२ का लागि प्रकाशित उम्मेदवारको अन्तिम बन्दसूची

राजनीतिक दलको नामः नेपाली काँग्रेस

| क.सं. | बन्दसूची को क्रम | पूरा नाम थर (बन्दसूची अनुसार) | लिङ्ग | उमेर | पिता/माताको नाम | पति/पत्नीको नाम | बाजेको नाम | मतदाता नम्बर | मतदाता भएको जिल्ला | समावेशी समूह (बन्दसूची अनुसार) | पि.क्षे. | अपाङ्गता | समावेशी समूह भित्र लिङ्ग अनुसारको प्रा.क्रम | पि.क्षे. भित्रको प्रा.क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १७ | गीताकुमारी सेन्दाङ | महिला | ५२ | गर्जमान लिङ्देन/ पार्वति लिङ्देन लिम्बु | दिपेन्द्र कुमार सेन्दाङ | श्यामलाल लिम्बु | १६५८००१० | ताप्लेजुङ | आदिवासी जनजाति | | | १ | |
| २ | १८ | गंगालक्ष्मी अवाल | महिला | ५३ | विष्णु भक्त अवाल/ शोभा लक्ष्मी अवाल | दिनेश नारायण सिद्धकार | हर्ष बहादुर अवाल | १७३२४१३२ | भक्तपुर | आदिवासी जनजाति | | | २ | |
| ३ | १९ | गीता गुरुङ | महिला | ३० | इन्द्र बहादुर गुरुङ/ इन्द्र कुमारी गुरुङ | | विर बहादुर गुरुङ | १५१०६५५४ | सोलुखुम्बु | आदिवासी जनजाति | | | ३ | |
| ४ | २० | रेनुका काउचा | महिला | ३९ | चन्द्र बहादुर पुन/ झमाया पुन | | बल बहादुर पुन | १६१५०५६२ | बाग्लुङ | आदिवासी जनजाति | | | ४ | |
| ५ | २१ | सुनिताकुमारी सुवेदी (श्रेष्ठ) | महिला | ४७ | भानु भक्त चुवाई/ लक्ष्मी देवी चुवाई | त्रिलोक दिप श्रेष्ठ | राधा कृष्ण चुवाई | ०७८७७०८६ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | आदिवासी जनजाति | | | ५ | |
| ६ | २२ | प्रेमिका राना मगर | महिला | ३२ | चन्द्र बहादुर मगर/ पंच माया मगर | | पूर्ण बहादुर मगर | १६६४७५४१ | इलाम | आदिवासी जनजाति | | | ६ | |
| ७ | २३ | छिरिङ डोल्मा शेर्पा | महिला | ४७ | छिमे शेर्पा/ तेन्दु लामा शेर्पा | | तासी शेर्पा | २५९९९४२९ | दोलखा | आदिवासी जनजाति | | | ७ | |
| ८ | २४ | पुष्पा श्रेष्ठ | महिला | ६४ | सुन्दर कुमार शर्मा/ माया देवी आर्चाय | ध्रुब प्रसाद श्रेष्ठ | कोमा निध आर्चाय | १२६६५६४२ | रोल्पा | आदिवासी जनजाति | | | ८ | |
| ९ | २५ | निर्मला गुरुङ | महिला | ५३ | मणी प्रसाद गुरुङ्ग/ डम्बर कुमारी गुरुङ्ग | बलभद्र राई | कृष्ण बहादुर गुरुङ्ग | १९८८३१७९ | सुनसरी | आदिवासी जनजाति | | | ९ | |
| १० | २६ | शान्ता कुमारी तामाङ | महिला | ४६ | टेक बहादुर तामाङ/ हरि माया तामाङ | सुरेन्द्र गुरुङ | लाल बहादुर तामाङ | २०१३९३९८ | धादिङ | आदिवासी जनजाति | | | १० | |
| ११ | २७ | माया राना | महिला | ५० | चम्फा सिंह राना/ शिव कुमारी राना | | नरजित राना | ४२९७९६९ | स्याङजा | आदिवासी जनजाति | | | ११ | |
| १२ | २८ | कमला श्रेष्ठ | महिला | ७० | बाबु राम श्रेष्ठ/ शोभा देवी श्रेष्ठ | बाल कृष्ण राजभण्डारी | श्याम प्रसाद श्रेष्ठ | २५५७५२२ | काठमाडौं | आदिवासी जनजाति | | | १२ | |
| १३ | २९ | सविता राई | महिला | ४३ | लक्ष्मण राई/ जमुना राई | महाजित राई | चौडा बहादुर राई | ०९७६१३४४ | ओखलढुंगा | आदिवासी जनजाति | | | १३ | |
| १४ | ३० | गीता गुरुङ . | महिला | ४४ | पाल्साङ गुरुङ/ छिरिङ साङमा गुरुङ | | तेन्जिङ गुरङ | २१७२८७२७ | मनाङ | आदिवासी जनजाति | | | १४ | |
| १५ | ३१ | सरस्वती श्रेष्ठ | महिला | ६० | भत्त बहादुर श्रेष्ठ/ नन्दमाया श्रेष्ठ | डिल बहादुर श्रेष्ठ | इन्द्र बहादुर श्रेष्ठ | ४७३६२४८ | दैलेख | आदिवासी जनजाति | | | १५ | |
| १६ | ३२ | सर्मिला श्रेष्ठ | महिला | ५१ | सुवर्ण श्रेष्ठ/ पूर्ण माया श्रेष्ठ | सबिन श्रेष्ठ | कविलाल श्रेष्ठ | १९०७९४२९ | मकवानपुर | आदिवासी जनजाति | | | १६ | |
| १७ | १ | भीष्मराज आङ्देम्बे | पुरुष | ६० | धनेन्द्र राज आङदेम्वे/ डम्बर कुमारी आङदेम्वे | ललिता देवी राई लिम्बु | देउमान आङदेम्वे | १३९१७५६३ | पाँचथर | आदिवासी जनजाति | | | १ | |
| १८ | २ | | | | | | | | | | | | | |
| १९ | ३ | गोपालमान सिंह राजभण्डारी | पुरुष | ७१ | गोविन्द मान सिंह राजभण्डारी/ जीव माया राजभण्डारी | | ललित मान सिंह राजभण्डारी | १४१३७१९० | मोरङ | आदिवासी जनजाति | | | २ | |
| २० | ४ | थलकुमार लिंखा | पुरुष | ५८ | लोकमान लिंखा/ पुर्ण कुमारी लिंखा | मनु लिंखा | सुभान सिंह लिंखा | ३९९२४५ | संखुवासभा | आदिवासी जनजाति | | | ३ | |
| २१ | ५ | विजय सम्वाहाम्फे | पुरुष | ६५ | लइन बहादुर लिम्वु/ गंगा माया लिम्वु | नन्द माया लिम्बु सम्वाहाम्फे | हस्त वीर लिम्वु | २२५५३५०९ | तेह्रथुम | आदिवासी जनजाति | | | ४ | |
| २२ | ६ | नारायण श्रेष्ठ | पुरुष | ४५ | कृष्ण बहादुर श्रेष्ठ/ नानिमैया श्रेष्ठ | | हर्कदाश श्रेष्ठ | १७३७९३४० | काठमाडौ | आदिवासी जनजाति | | | ५ | |
| २३ | ७ | विनोद प्रकाश कायस्थ | पुरुष | ६३ | विक्रम बहादुर कायस्थ/ विन्देश्वरी कायस्थ | रिता जोन्छे (कायस्थ) | समर बहादुर कायस्थ | ५३१८७६९ | भक्तपुर | आदिवासी जनजाति | | | ६ | |
| २४ | ८ | महेन्द्र थिङ तामाङ | पुरुष | ६६ | ईरमान तामाङ/ .. .. | चित्र कुमारी गोङ्वो / थिङ | गरवाङ तामाङ | २६१५८४० | नुवाकोट | आदिवासी जनजाति | | | ७ | |

| क.सं. | बन्दसूची को क्रम | पूरा नाम थर (बन्दसूची अनुसार) | लिङ्ग | उमेर | पिता/माताको नाम | पति/पत्नीको नाम | बाजेको नाम | मतदाता नम्बर | मतदाता भएको जिल्ला | समावेशी समूह (बन्दसूची अनुसार) | पि.क्षे. | अपाङ्गता | समावेशी समूह भित्र लिङ्ग अनुसारको प्रा.क्रम | पि.क्षे. भित्रको प्रा.क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | ९ | आइबहादुर गुरुङ | पुरुष | ६६ | जगन प्रसाद गुरुङ्ग/ मैत कुमारी गुरुङ्ग | दिल माया गुरुङ्ग | बाक्सिङ्ग गुरुङ्ग | ५९७७९४१ | कास्की | आदिवासी जनजाति | | | ८ | |
| २६ | १० | मनहरि श्रेष्ठ | पुरुष | ५४ | देवी लाल श्रेष्ठ/ शुभद्रा देवी श्रेष्ठ | शान्ता उप्रेती/श्रेष्ठ | बुद्धि लाल श्रेष्ठ | १३९१४९७७ | धनुषा | आदिवासी जनजाति | | | ९ | |
| २७ | ११ | जगतबहादुर तामाङ | पुरुष | ५६ | उर्चासिंह तामाङ/ पुतली तामाङ | मिना कुमारी तामाङ | शंखे तामाङ | २६४३५५८ | नुवाकोट | आदिवासी जनजाति | | | १० | |
| २८ | १२ | प्रेमध्वज लामा | पुरुष | ५५ | चन्द्र विर लामा/ पेमा डोल्मा लामा | लमु लामा | रन विर लामा | ९१४७०५ | सिन्धुपाल्चोक | आदिवासी जनजाति | | | ११ | |
| २९ | १३ | सेतेमान तामाङ | पुरुष | ३९ | रङ तामाङ्ग/ फे साङ तामाङ्ग | | फोन्चो तामाङ्ग | १६२५३६९२ | धादिङ | आदिवासी जनजाति | | | १२ | |
| ३० | १४ | ताराबहादुर लामा | पुरुष | ६७ | बिरमान लामा/ जाङमु लामा | छिरियाङजुम लामा | मारचाटाक्पा लामा | १४३७९४२९ | हुम्ला | आदिवासी जनजाति | ✓ | | १३ | १ |
| ३१ | १५ | पेम्वा छिरिङ तामाङ | पुरुष | ५६ | छेदर तामाङ/ रिती तामाङ | या बुरी तामाङ | काली तामाङ | २४७१०६ | रसुवा | आदिवासी जनजाति | | | १४ | |
| ३२ | १६ | मदनकृष्ण श्रेष्ठ | पुरुष | ५९ | जगत बहादुर श्रेष्ठ/ प्राण लक्ष्मी श्रेष्ठ | राजेश्वरी श्रेष्ठ | सिह बीर श्रेष्ठ | ५३१५८४८ | भक्तपुर | आदिवासी जनजाति | | ✓ | १५ | |
| ३३ | ८९ | सुशीला ढकाल आचार्य | महिला | ६४ | लक्ष्मण प्रसाद ढकाल/ रामरेखा ढकाल | रुद्र प्रसाद आचार्य | बिष्णुलाल ढकाल | ०७५२९२४७ | झापा | खस आर्य | | | १ | |
| ३४ | ९० | रुक्मिणी देवी कोइराला | महिला | ७० | जय नारायण मारासीनी/ नन्दा देवी मरासीनी | श्रीमान शैलेश कोइराला | राम नारायण मरासीनी | १५३७७९५१ | मोरङ | खस आर्य | | | २ | |
| ३५ | ९१ | रीना उप्रेती | महिला | ५४ | तुलसी प्रसाद उप्रेती/ भक्त कुमारी क्षेत्री | वल बहादुर के.सी. | प्रेम प्रसाद उप्रेती | २७२०३९ | सोलुखुम्बु | खस आर्य | | | ३ | |
| ३६ | ९२ | सीता थपलिया | महिला | ४१ | टंक प्रसाद थपलिया/ माया देवी थपलिया | | तारा नाथ थपलिया | १३७९३१०९ | धादिङ | खस आर्य | | | ४ | |
| ३७ | ९३ | गंगा शाही | महिला | ६८ | राज कुमार श्रेष्ठ/ विष्णु कुमारी श्रेष्ठ | कृष्ण कुमार शाही | धम नारायण श्रेष्ठ | ०७८४०९५४ | रूपन्देही | खस आर्य | | | ५ | |
| ३८ | ९४ | उषा कुमारी रावत | महिला | ५२ | गोपाल बहादुर रावत/ बाल कुमारी रावत | संजय प्रसाद मिश्र | शम्शेर बहादुर रावत | ५२२०५३९ | सिराहा | खस आर्य | | | ६ | |
| ३९ | ९५ | गोमा देवी के.सी. | महिला | ५५ | लाल बहादुर के.सी./ चन्द्र कुमारी के.सी. | | धोकल सिं के.सी. | १७३३८३९२ | ओखलढुंगा | खस आर्य | | | ७ | |
| ४० | ९६ | संगीता काफ्ले | महिला | ५३ | सुर्यकिरण काफ्ले/ कुन्ता देवी काफ्ले | डिल्लीराज घिमिरे | चक्र लाल काफ्ले | ४८३००७६ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | खस आर्य | | | ८ | |
| ४१ | ९७ | शकुन्तला शर्मा | महिला | ५४ | दुर्गा दत्त लम्साल/ पवित्रा लम्साल | जगदिश चन्द्र उपाध्याय | षडानन्द लम्साल | ४७०४९३३ | बाग्लुङ | खस आर्य | | | ९ | |
| ४२ | ९८ | विद्यादेवी तिमिल्सिना | महिला | ३९ | रुपचन्द्र उपाध्याय/ हंसी उपाध्याय | | कृष्ण प्रसाद उपाध्याय | १३८०६३४८ | बाजुरा | खस आर्य | ✓ | | १० | १ |
| ४३ | ९९ | उमा शिवाकोटी | महिला | ४८ | कपिलमुनी शिवाकोटी/ अम्विका देवी शिवाकोटी | | जय प्रसाद शिवाकोटी | २९९९४३३ | झापा | खस आर्य | | | ११ | |
| ४४ | १०० | गोमा कुमारी भट्टराई | महिला | ६० | प्रभुनाथ घिमिरे/ रत्नमाया घिमिरे | चेतनाथ भट्टराई | श्रीलाल घिमिरे | ०७६०२८४७ | झापा | खस आर्य | | | १२ | |
| ४५ | १०१ | प्रसिस महरा | महिला | ६० | कृष्ण बहादुर सिंह (खड्का)/ कल्पना खड्का | विजय प्रकाश महरा | टेक बहादुर खड्का | १४१९५२५ | डोटी | खस आर्य | | | १३ | |
| ४६ | १०२ | पार्वती कुमारी गिरी | महिला | ६६ | हरिलाल गिरी/ तुल्सा देवी गिरी | | मंगल गिरी | ४७५९५३६ | सुर्खेत | खस आर्य | | | १४ | |
| ४७ | १०३ | रिता सेन ओली | महिला | ५० | गुन्ज बहादुर के.सी/ उमा देवी के.सी. | गिर बहादुर ओली | शशीधर के.सी. | १३८६९५०४ | रूपन्देही | खस आर्य | | | १५ | |
| ४८ | १०४ | नबिना के.सी. | महिला | ३० | भूवन के.सी./ यमला के.सी. | | गोरख बहादुर के.सी. | १४५१८१६५ | जुम्ला | खस आर्य | | | १६ | |
| ४९ | १०५ | रमा न्यौपाने | महिला | ६४ | मने वानिया/ भिमा वानिया | अर्ण बहादुर न्यौपाने | धर्म वानिया | ३८६५७९६ | डोल्पा | खस आर्य | | | १७ | |
| ५० | १०६ | भीमकला चुदाली | महिला | ५० | फरसुराम चुदाली/ पुनकला चुदाली | हेम लाल गोरे | भिम लाल चुदाली | १९१७३८९६ | कपिलवस्तु | खस आर्य | | | १८ | |
| ५१ | १०७ | इन्दिरा खनाल | महिला | ४९ | तिलक राम लम्साल/ यमुना लम्साल | कल्याण खनाल | - - - | ११८१०७९७ | तनहुँ | खस आर्य | | | १९ | |
| ५२ | १०८ | कल्पना के.सी. | महिला | ७१ | भिम बहादुर सावंद/ तल्सी देब सावंद | कृष्ण बहादुर केसी | नर बहादुर सावंद | ५०८५४५८ | कञ्चनपुर | खस आर्य | | | २० | |
| ५३ | १०९ | पार्वती आचार्य | महिला | ५१ | दुर्गा दत्त भण्डारी/ खरीका भण्डारी | सम्भु प्रसाद आचार्य | लिला दत्त भण्डारी | ४७०१०५१ | बाग्लुङ | खस आर्य | | | २१ | |

| क्र.सं. | बन्दसूची को क्रम | पूरा नाम थर (बन्दसूची अनुसार) | लिङ्ग | उमेर | पिता/माताको नाम | पति/पत्नीको नाम | बाजेको नाम | मतदाता नम्बर | मतदाता भएको जिल्ला | समावेशी समूह (बन्दसूची अनुसार) | पि.क्षे. | अपाङ्गता | समावेशी समूह भित्र लिङ्ग अनुसारको प्रा.क्रम | पि.क्षे. भित्रको प्रा.क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५४ | ११० | राधा कार्की | महिला | ५८ | हरि बहादुर थापा/ हित कुमारी थापा | मित्र बहादुर कार्की | नर बहादुर थापा | १२७४२४३ | झापा | खस आर्य | | | २२ | |
| ५५ | ७८ | अर्जुननरसिंह के.सी. | पुरुष | ७८ | भगवान सिंह के.सी./ यसोदा देवि के.सी. | प्रतिमा के.सी. | भिमभक्त मानसिंह के.सी. | १११३७५८१ | नुवाकोट | खस आर्य | | | १ | |
| ५६ | ७९ | खिलानाथ दाहाल | पुरुष | ६४ | तिलचन दाहाल/ अम्बिका देवी दाहाल | अंजु दाहाल | भागिरथ दाहाल | १३९१४१०६ | ओखलढुंगा | खस आर्य | | | २ | |
| ५७ | ८० | उमेश जंग रायमाझी | पुरुष | ५६ | निल कुमार रायमाझी/ विष्णु कुमारी रायमाझी | राधिका खड्का(रायमाझी) | भक्त बहादुर रायमाझी | ०६३४४९८२ | भोजपुर | खस आर्य | | | ३ | |
| ५८ | ८१ | मधु प्रसाद न्यौपाने | पुरुष | ६४ | चन्द्र प्रसाद न्यौपाने/ जीवा न्यौपाने | शान्ता न्यौपाने | प्रेमलाल न्यौपाने | ०००४१०४२ | दाङ | खस आर्य | | | ४ | |
